# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## बहुपक्षीय आर्थिक उद्देश्य हासिल गर्न केन्द्रीय बैंकले भूमिका खेल्नुपर्ने

(गभर्नर डा.खतिवडाद्वारा छैटौं सिसन तालिम कार्यक्रमलाई सम्बोधन)

दक्षिण पूर्वी एसियाली केन्द्रीय बैंकहरूको संगठन (South East Asian Central Banks : SEACEN) र नेपाल राष्ट्र बैंकद्वारा संयुक्त रुपमा आयोजित 6th SEACEN CCBS/BOE Advanced Course on Macroeconomic and Monetary Policy Management विषयक उच्च स्तरीय तालिम कार्यक्रम २०७० कार्तिक ११ गते



पोखरामा सुरु भयो । सो कार्यक्रममा सिसनका सदस्य राष्ट्रका १२ देशका २४ जनाको सहभागिता रहेको छ । गभर्नर डा. युवराज खतिवडाले सो कार्यक्रमको उद्घाटन गर्नुभयो ।

सो अवसरमा उद्घाटन मन्तव्य व्यक्त गर्नुहुँदै गभर्नर डा. खतिवडाले विश्व वित्तीय संकटपछिको बजार अर्थतन्त्रमा मौद्रिक नीतिको कार्यान्वयनका सन्दर्भमा विश्व वित्तीय आबद्धता, पुँजी खाता परिवर्त्यता र खुला विनिमय दर, नयाँ वित्तीय उपकरणको आगमन तथा सूचना प्रविधिको नवीनता जस्ता पक्षहरुले प्रभाव पारेको र यी पक्षहरुलाई सम्बोधन गर्दै समष्टिगत आर्थिक नीति निर्माण गर्नु आवश्यक रहेको बताउनु भयो । उपर्युक्त सन्दर्भमा केन्द्रीय बैंकको कार्यलाई समेत पुनर्विचार गर्नु आवश्यक रहेको चर्चा गर्दै उहाँले वित्तीय क्षेत्र स्थायित्व कायम राख्नु वर्तमानमा केन्द्रीय बैंकको मुख्य उद्देश्य कायम हुन पुगेको स्पष्ट पार्नुभयो ।

"Challenges in Effective Implementation of Central Bank's Monetary and Financial Stability Policy in Emerging Market Economies" विषयमा Key Note वार्ताकारका रूपमा मन्तव्य प्रस्तुत गर्दै गभर्नर डा.खतिवडाले परम्परागत रूपमा केन्द्रीय बैंकको मौद्रिक स्थायित्व कायम राख्नु मुख्य उद्देश्य रहने गरेको भए पनि हालका वर्षहरूमा वित्तीय स्थायित्वका साथै वित्तीय समावेशिता, वित्तीय सुरक्षा, उत्पादन र रोजगार अभिवृद्धि केन्द्रीय बैंकका मुख्य मुद्दा स्थापित हुन पुगेको बताउनुभयो । वित्तीय विश्वव्यापीकरणले आन्तरिक नीतिगत वातावरणलाई प्रभाव पार्नुका साथै मूल्य, उत्पादन र विनिमयदरमा समेत यसको प्रभाव रहने उहाँको धारणा रहेको थियो । पुँजीको उच्च आप्रवाह तथा उतार चढावलाई व्यवस्थित गर्न केन्द्रीय बैंकसँग पर्याप्त उपकरण हुनुपर्ने भन्नुहुँदै उहाँले केन्द्रीय बैंकका उद्देश्य हासिल हुनका लागि संरचनात्मक पक्ष पनि उत्तिकै सबल हुनुपर्ने आवश्यकता माथि उहाँले प्रकाश पार्नुभएको थियो ।

समष्टिगत आर्थिक नीति कार्यान्वयनका लागि मौद्रिक र वित्तीय स्थायित्वका चुनौतीहरुबारे प्रकाश पार्दै उहाँले वित्तीय आयामले मौद्रिक नीति सञ्चालनमा पार्न सक्ने असर तथा विनिमयदरको अस्थिरता र अन्य संस्थागत समन्वयको अभावका कारण पर्न सक्ने प्रभावका सन्दर्भमा समेत चर्चा गर्नुभएको थियो । उहाँले सुधारोन्मुख बजार अर्थतन्त्र भएका देशहरूमा पुँजी आप्रवाह विभिन्न स्रोतहरुबाट भइरहने भएकाले मौद्रिक नीति कार्यान्वयनमा यो पक्षलाई ध्यान दिनुपर्ने बताउनुभयो । वित्तीय बजारमा कर्जा माग र आपूर्तिमा सामञ्जस्यता ल्याउन पनि कठिनाइ पर्ने उहाँले उल्लेख गर्नुभयो ।

नयाँ विश्व आर्थिक परिस्थितिमा मौद्रिक प्रसारण संयन्त्रका सेतु वास्तविक र वित्तीय क्षेत्रबीच समन्वय ल्याउनु पनि त्यत्तिकै आवश्यक रहेको उहाँले स्पष्ट पार्नुभयो । हालका वित्तीय संकटहरुले केन्द्रीय बैंकका लक्ष्यमा प्रभाव पार्ने भएकाले यस पक्षका साथै छाया अर्थतन्त्रलाई समेत उत्तिकै ध्यान दिनुपर्ने उहाँको आसय थियो । मौद्रिक र वित्तीय स्थायित्व सम्बन्धी नीतिहरुको कार्यान्वयनका लागि उपयुक्त वातावरणको आवश्यकतामाथि उहाँले प्रकाश पार्नुभएको थियो ।

मौद्रिक र वित्तीय क्षेत्र स्थायित्व सम्बन्धी नीति तथा त्यसको कार्यान्वयनको अवस्था सम्बन्धमा दक्षिण पूर्वी एसियाली देशका साझा अनुभवको सहभागीहरु बीचको आदानप्रदान र अन्तरक्रियाले समष्टिगत आर्थिक नीति निर्माणमा आगामी दिनमा सहयोग पुग्ने आशा राख्दै उहाँले तालिम कार्यक्रम उपलब्धिपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै सिसन सेन्टरका कार्यकारी निर्देशक MR. Hookyu RHU ले अन्तर्राष्ट्रिय वित्तीय संरचना निर्माण भइरहेको वर्तमान सन्दर्भमा मौद्रिक नीति निर्माण र कार्यान्वयनका चुनौतीको पहिचान र समाधान गर्नमा तालिम कार्यक्रम सफल हुने आशा व्यक्त गर्नुभयो । बैंक अफ इंगलैन्ड केन्द्रीय बैंक अध्ययन केन्द्रकी निर्देशक Ms. Jill Hammond ले विगत एक दशकको समयमा आर्थिक वातावरणमा पर्याप्त परिवर्तन आए पनि केन्द्रीय बैंकका उद्देश्य हासिल गर्न विभिन्न समस्या र चुनौतीहरु यथावत् रहेको र यस प्रकारका तालिम कार्यक्रमबाट विश्वका विभिन्न केन्द्रीय बैंकको ज्ञान तथा अनुभवको आदानप्रदान मार्फत् मौद्रिक नीति निर्माण र कार्यान्वयनका क्षेत्रमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंक, बैंकर्स प्रशिक्षण केन्द्रको सहयोग (Host) मा सञ्चालित सो तालिम कार्यक्रम ६ दिनसम्म चल्ने छ ।

**गभर्नरको कार्यालय**
मिति २०७० कार्तिक ११ गते, सोमबार